व्यास नगरकार्यपालिकाको १८७ औं बैठक आज मिति २०८१/१/२३ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | अनुपस्थित |
| नि.प्र.प्र.अ. | - श्री केदारराज आचार्य | उपस्थित |
| वरिष्ठ आ.ले.प. अधिकृत | - श्री कुमार कञ्चन जि.सी. | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | - श्री राजेन्द्र कार्की | उपस्थित |
| सिनियर ईन्जिनियर | - डा. राजु पौडेल | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | - श्री प्रमोद सोती | उपस्थित |
| पशु विकास अधिकृत | - डा. मनोज विश्वकर्मा | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |
| कम्प्युटर अधकिृत | - श्री गोकर्णराज वाग्ले | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री कृष्णराज घिमिरे | उपस्थित |
| ईन्जिनियर | - श्री अमृत के.सी. | उपस्थित |
| सहायक लेखा अधिकृत | - श्री हेमन्त गुरुङ्ग | उपस्थित |
| सहायक प्रशासकीय अधिकृत | - श्री भेषराज तिवारी | उपस्थित |
| सहायक पाँचौं | - श्री गौरव पन्थ | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८१/१/१० गते बसेको बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२: आर्थिक वर्ष ०८१/०८२ को बजेट तर्जुमा, श्रोत सिमा निर्धारण सम्बन्धमा ।

प्रस्ताव नं.३: प्लाष्टिक झोला मुक्त अभियानलाई प्रभावकारी बनाउन कार्यविधि पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४: पूर्व बजेट तयारी छलफलका लागि बैठक बोलाउने सम्बन्धमा ।

प्रस्ताव नं.५: दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६: मानहुँकोट पर्यटकीय क्षेत्रको घर निर्माण मापदण्ड एवं जग्गा विकास कार्यको प्रकृया अघि बढाउने सम्बन्धमा ।

प्रस्ताव नं.७: नगरपालिकाको कर भाडा उठाउने प्रकृया सम्बन्धमा ।

प्रस्ताव नं.८: प्रधानमन्त्री रोजगार कार्यक्रमको बाँकी रकम विनियोजन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.९: विद्यालय व्यवस्थापन सम्बन्धमा अभिभावक/संरक्षक स्पष्ट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१०: मा.वि., नि.मा.वि. को विषय परिवर्तन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.११: प्रधानाध्यापक नियुक्ती अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं.१२: सहकारी संस्थाहरुको बचत ऋण सम्बन्धमा ।

प्रस्ताव नं.१३: जग्गा वर्गीकरण संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.१४: ब्याज र हर्जना सम्बन्धमा ।

प्रस्ताव नं.१५: सटर नं. १०४ को नामसारी सम्बन्धमा ।

प्रस्ताव नं.१६: GPS खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१७: आवासीय सुविधा सम्बन्धमा ।

प्रस्ताव नं.१८: खाली सटर भाडामा लगाउन सूचना प्रकाशित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१९: विद्यालयको नगद जिन्सी सामग्री हस्तान्तरण सम्बन्धमा ।

प्रस्ताव नं.२०: अत्यावश्यक शिक्षक व्यवस्थापनमा रिक्त स्वयंसेवक शिक्षक दरबन्दी सम्बन्धमा ।

प्रस्ताव नं.२१: समता विद्यालयमा आवासीय कार्यालय सहयोगी नियुक्ति सम्बन्धमा ।

प्रस्ताव नं.२२: समता विद्यालयमा शिक्षक वार्डेन सम्बन्धमा ।

प्रस्ताव नं.२३: सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्न एक ईन्जिनियरिङ्ग संस्था तोकी भुक्तानी दिने सम्बन्धमा ।

प्रस्ताव नं.२४: अन्तर्राष्ट्रिय संघ संस्थासँगको आवद्धता शुल्क सम्बन्धमा ।

प्रस्ताव नं.२५: योजना परिवर्तन सम्बन्धमा ।

प्रस्ताव नं.२६: वडा नं.२ को भ्रमण खर्च सम्बन्धमा ।

प्रस्ताव नं.२७: सटर भाडामा बस्नेलाई स्थानान्तरण सम्बन्धमा ।

प्रस्ताव नं.२८: लागत सहभागिताको थप रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं.२९: करङ्गकाठ बसपार्कको सम्झौता सम्बन्धमा ।

प्रस्ताव नं.३०: नेपाल नगरपालिका संघको सदस्यता शुल्क सम्बन्धमा ।

प्रस्ताव नं.३१: कृषि भूमिको बाँझोपन सम्बन्धी परामर्श बैठकको आयोजना सम्बन्धमा ।

प्रस्ताव नं.३२: विनियोजित रकमको शिर्षक मिलाउने सम्बन्धमा ।

प्रस्ताव नं.३३: वैदिक पुरोहित समाज तनहुँलाई कोष उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.३४: मौरी तथा मौरीको घार खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३५: विपद्जन्य तथा अत्यावश्यक काममा रकम विनियोजन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं. १ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०८१/१/१० गते भएको कार्यपालिका बैठकका ३२ निर्णयहरुको बुँदागत समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आथिक वर्ष २०८१/०८२ को बजेट तर्जुमा सम्बन्धमा वडागत प्रगतीको बैठकमा छलफल गरियो, साथै श्रोत अनुमान तथा सिमा निर्धारण समितिको प्रस्ताव अनुसार संशोधन सहित निम्नानुसार विषयगत सिमा, दायित्व बहन सम्बन्धमा अनुमानित श्रोत सिमा निर्धारण गरी सोही आधारमा बजेट तर्जुमा समितिलाई बजेट प्रस्ताव गर्न निर्देशन दिने निर्णय गरियो ।

**(क) आय तर्फ :**

| सि.नं. | आयका शिर्षक | अनुमान |
|---|---|---|
| १. | **आन्तरिक आय** | १८०,०००,०००।०० |
| २. | **संघीय सरकार** | |
| क | वित्तीय समानीकरण अनुदान | १८०,९००,०००।०० |
| ख | सशर्त अनुदान (चालु) | ५७२,२००,०००।०० |
| ग | सशर्त अनुदान (पूँजिगत) | ६००,०००,०००।०० |
| घ | समपूरक अनुदान | ४०,०००,०००।०० |
| ङ | विशेष अनुदान | ४०,०००,०००।०० |
| च | सडक बोर्ड नेपाल | १०,०००,०००।०० |
| छ | राजश्वज बाँडफाँड | १६३,६००,०००।०० |
| ज | नवप्रवर्तनीय कार्यक्रम | १०,०००,०००।०० |
| | **जम्मा** | **१,६१६,७००,०००।००** |
| ३. | **प्रदेश सरकारबाट** | |
| क | वित्तीय समानीकरण अनुदान | २५,९०८,०००।०० |
| ख | विशेष अनुदान | १०,०००,०००।०० |
| ग | समपुरक अनुदान | १०,०००,०००।०० |
| घ | राजश्व बाँडफाँड | २५,१७१,०००।०० |
| ङ | नवप्रवर्तनीय कार्यक्रम | ६,५००,०००।०० |
| | **जम्मा** | **७७,५७९,०००।००** |
| ४. | **अन्य निकायबाट प्राप्त** | |
| क | मालपोतबाट रजिष्ट्रेशन शुल्क | ५८,०००,०००।०० |
| ख | बहुउद्देश्यीय भवन र जग्गा वि. ऋण | १५०,०००,०००।०० |
| ग | जि.स.स. तनहुँ कोष सहयोग | ५,०००,०००।०० |
| | **जम्मा** | **२१३,०००,०००।००** |
| ५. | **जनसहभागिता र अन्य** | |
| क | जनसहभागिता नगद/पूर्वाधार विकास | ५,०००,०००।०० |
| ख | अन्य तथा सञ्चित कोष अल्या | ५०,२९०,०००।०० |
| | **जम्मा** | **५५,२९०,०००।००** |
| | कुल जम्मा | २,१४२,५६९,०००।०० |

**(ख) व्यय तर्फ :सिमा निर्धारण**

| सि.नं. | व्ययका शिर्षक | अनुमान |
|---|---|---|
| १. | प्रशासनिक खर्च आन्तरिक तर्फ | २३०,०००,०००।०० |
| २. | कार्यक्रम खर्च | ९५,०००,०००।०० |
| ३. | विपद् व्यवस्थापन कोष | १०,०००,०००।०० |
| ४. | सशर्त अनुदान (चालु) (संघ) | ५७२,२००,०००।०० |

| सि.नं. | व्ययका शिर्षक | अनुमान |
|---|---|---|
| ५. | सशर्त अनुदान (पूँजीगत) (संघ) | ६००,०००,०००।०० |
| ६. | समपूरक अनुदान (संघ) | ८०,०००,०००।०० |
| ७. | विशेष अनुदान (संघ) | ४०,०००,०००।०० |
| ८. | सडक बोर्ड नेपाल (संघ) | १३,०००,०००।०० |
| ९. | विशेष अनुदान (प्रदेश) | १०,०००,०००।०० |
| १०. | समपूरक अनुदान (प्रदेश) | २०,०००,०००।०० |
| ११. | बहुउद्देश्यीय भवन र जग्गा वि. पूर्वाधार निर्माण | १९०,०००,०००।०० |
| १२. | जि.स.स. तनहुँ पूर्वाधार निर्माण | ९,०००,०००।०० |
| १३. | सरसफाई पूर्वाधार निर्माण र जग्गा खरिद | ३०,०००,०००।०० |
| १४. | वडा स्तरीय योजना | १४०,०००,०००।०० |
| १५. | विविध फुटकर योजना | ४,०७९,०००।०० |
| १६. | नवप्रवर्तनीय कार्यक्रम (संघ) र (प्रदेश) | २४,०००,०००।०० |
| १७. | जनसहभागिता नगद/पूर्वाधार विकास | २५,०००,०००।०० |
| १८. | क्रमागत योजना | ५०,२९०,०००।०० |
| **कुल जम्मा** | | **२,१४२,५६९,०००।००** |

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा २०८१/२/१ गतेदेखि प्लाष्टिक झोला मुक्त अभियानलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने र प्लाष्टिक मुक्त अभियान सम्बन्धी कार्यविधी २०८१ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आ.ब. ०८१/०८२ को बजेट तर्जुमा सम्बन्धमा श्रोत अनुमान तथा श्रोत निर्धारण समितिको प्रस्ताव उपर सम्पूर्ण नगरसभा सदस्य, सरोकारवाला र विज्ञ सहभागी हुने गरी मिति २०८१/२/७ गते बिहान ११.३० बजे नगर सभा कक्ष व्यास ३ मा बैठक आयोजना गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको दोश्रो सार्वजनिक सुनुवाई मिति २०८१/२/४ गते शुक्रवार ठिक ११.३० बजे व्यास नगरपालिका वडा नं. ७ वडा कार्यालय सभा कक्षमा वडा नं.६, ७, ८, ९ र १० लाई केन्द्रित गरी आयोजना गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा पर्यटकीय क्षेत्र मानहुँकोटका जग्गाहरुमा स्थायी संरचना निर्माण गर्न २०७७ सालदेखि रोक लगाई गुरुयोजना निर्माण भएकोमा सो क्षेत्रमा अस्थायी संरचना निर्माण गर्ने कार्य भइरहेकोमा हाल सार्वजनिक जमिन समेत अतिक्रमण गर्ने आफु खुशी स्थायी संरचना निर्माण गर्ने कार्य हुन थालेकाले निकास खुलेको (न्यूनतम ४ (चार) मिटर बाटो) मौलिक शैलीमा माटो परिक्षण गरी मानहुँकोट डिलबाट १५ मिटर छाडी बढीमा ३ तलासम्मको घर निर्माण गर्न अनुमति दिने र निकास नपुगेका घर जग्गाहरुमा जग्गा विकास योजनाको अध्ययन तत्कालै प्रारम्भ गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आफ्नै स्वामित्वमा रहेका सटर कवलहरु मध्ये केही सटरबाट नियमित भाडा उठ्न बाँकी रहेको, केही सटरहरुको २०८० असारमा म्याद समाप्त भएपनि सटर नछोडी पटक-पटक भाडा बुझाउन सूचना दिंदा समेत भाडा नउठेको हुँदा केही सटरमा नगरपालिकाले चावी लगाई घरकोठा खाली गर्ने कानुनी प्रकृया अघि बढेकाले जो जसले भाडा बुझाई निवेदन दिई कोठा खाली गर्नु हुनेछ वहाँहरुको सामान लैजान दिने र जो जसले अटेर गर्नुहुन्छ कानुनी प्रकृया अघि बढाई घर सटर खाली गराउन कानुनी प्रकृया अघि बढाउने निर्णय गरी उठ्न बाँकी भाडालाई सरकारी बाँकी सरह असुल उपर गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा बजेट शिर्षक नं. ४०४ (३२६) को रोजगारी सृजना सम्बन्धी संघीय बजेट रू.२४,६४,०००। रहेकोमा हालसम्म रू.२०,००,०००/- (बिस लाख) खर्च भएको रू.४,६४,०००/- बाँकी रहेकोमा पुनः हाल उक्त शिर्षकमा थप हुन आएको रू.२,०८,०००/- समेत

रू. ६,७२,०००/- बाँकी रहेकाले सो रकमलाई निम्न वडाको माग अनुसार थप रकम विनियोजित गर्ने निर्णय गरियो ।

(क) वडा नं. ५ - १,००,०००/- (एक लाख)

(ख) वडा नं. ११ - ३,००,०००/- (तीन लाख)

(ग) वडा नं. १३ - १,००,०००/- (एक लाख)

(घ) वडा नं. १४ - १,७२,०००/- (एक लाख बहत्तर हजार)

**जम्मा : ६,७२,०००/- (छ लाख बहत्तर हजार)**

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा सामुदायिक विद्यालय व्यवस्थापन समितिको निर्वाचन ०८१ जेष्ठभित्र सम्पन्न गर्न विद्यालयलाई निर्देशन भएको अभिभावकका सम्बन्धमा अलमल भई भिन्न अभ्यास हुन लागेको भनी गुनासो आएकाले अभिभावक भनेको व्यास नगर शिक्षा ऐन २०७५ को दफा २(ज) मा उल्लेखित भएको "परिभाष अनुसार अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकाको संरक्षण गर्ने व्यक्तिहरु मध्येबाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ" भन्ने हुँदा सोही अनुसार अभिभावक मान्न सबै विद्यालयहरुलाई शिक्षा शाखा मार्फत निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा निम्नानुसार विषय परिवर्तन गरी जिल्ला शिक्षा समन्वयलाई अभिलेखीकरण गर्न अनुरोध गर्ने निर्णय गरियो ।

(१) व्यास ९ बसाहास्थान मा.वि.को रिक्त मा.वि. अंग्रेजी दरबन्दी माहेन्द्री मा.वि. वडा नं.९ मा स्थानान्तरण गरी मा.वि. नेपाली विषय कायम गर्ने ।

(२) व्यास ९ माहेन्द्री मा.वि.को रिक्त मा.वि. अंग्रेजी दरबन्दीलाई मा.वि. गणित विषय कायम गर्ने ।

(३) जलदेवी मा.वि. व्यास १ मा रहेको नि.मा.वि. गणित विषय राहत दरबन्दीलाई नेपाली विषय कायम गरी केशवटार मा.वि. वडा नं.१४ कायम गर्ने ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा निम्न विद्यालयको सम्बन्धित विद्यालयको सिफारिस अनुसार प्रधानाध्यापक अनुमोदन गर्ने निर्णय गरियो ।

(१) चण्डेश्वरी आधारभूत विद्यालय, वडा नं.११ श्री प्रसाद न्यौपाने

(२) सरस्वती आधारभूत विद्यालय, वडा नं.९ श्री जोहर अलि मियां

(३) सुर्योदय प्राथमिक विद्यालय, वडा नं.११ श्री पवित्रा पन्त अधिकारी

(४) लक्ष्मी आधारभूत विद्यालय वडा नं.९ श्री राजेन्द्र आचार्य

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका सहकारीहरुलाई व्यवस्थित गर्न, सांवा व्याज भुक्तानी सम्बन्धी समस्या र बचत रकम अपचलन सम्बन्धमा नियमानुसार गर्नु गराउनु हुन भनी सम्बन्धित सहकारी सञ्चालक र ऋणीहरुलाई सार्वजनिक सूचनाद्वारा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा वडा कार्यालयहरुबाट कृषि तथा गैह्र कृषि क्षेत्रमा परिवर्तन गर्ने सिफारिसका आधारमा तपसिल बमोजिम निर्णय गरियो ।

१. व्यास नगरपालिका वडा नं.६ श्याम्घा टोल विकास संस्था अन्तर्गत बस्ने जित बहादुर श्रेष्ठको नाउँमा रहेको साविक श्याम्घा ६/ग कि.नं.४१५ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।

२. व्यास नगरपालिका वडा नं.६ साँजा टोल विकास संस्था अन्तर्गत बस्ने आरत गुरुङ्गको नाउमा रहेको साविक श्याम्घा ७/क कि.नं.६२ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।

३. व्यास नगरपालिका वडा नं.८ बस्ने सम्झना वि.क.को नाउमा रहेको साविक दलभञ्ज्याङ्ग गा.वि.स. ४/ख हाल व्यास न.पा.८ मा पर्ने कि.नं.२३१ र कि.नं.३०५ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।

४. मध्यनेपाल नगरपालिका वडा नं.६ बस्ने सुस्मिता श्रेष्ठको नाउँमा रहेको साविक क्यामिन २/छ कि.नं.३९० मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।

५. व्यास नगरपालिका वडा नं.१३ बस्ने अस्मिता विश्वकर्माको नाउमा रहेको साविक केशवटार ५/ङ कि.नं.६१ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका साझेदारी विकास कोषबाट २०७६/३/२२ गते दुम्सीचौर टोलविकास संस्था व्यास १० ले रु. १०,००,०००। (दश लाख) ऋण स्वरुप लगी २०७७/१२/१० मा रु.१०,००,०००। भुक्तानी गरी उक्त भुक्तानी मिति सम्मको व्याज २,५६,८४९।०३ र हर्जना रु.५०,०००। रेकर्डमा साँवा नै देखिन आएको र उक्त टोल विकास संस्थाले लगेको साँवाको ब्याज र हर्जना रकम मिनाहा गरी पाउँ भनी निवेदन पर्न आएको हुँदा व्यास नगरपालिका साझेदारी विकास कोष सञ्चालन कार्यविधि २०७८ को ८ ख बमोजिम सो ब्याज र हर्जना मात्र मिनाहा गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको नयाँ भवनमा रहेको सटर नं.१०४ व्यास नगरपालिकाद्वारा टेण्डर आब्हान गरी दिनेशकुमार मल्लले मोबाइल पसल सञ्चालन गर्दै आइरहेकोमा उक्त पसल साविक कै भाडा दर कायम हुने गरी व्यवसाय सञ्चालन गर्न पाउँ भनी व्यास ८ निवासी श्री कला सुवेदी पौडेलबाट प्राप्त निवेदन बमोजिम निजले नियमानुसार व्यास नगरपालिकाको धरौटी खातामा ३ महिनाको भाडा रकम बरावरको धरौटी रकम दाखिला गरेको सक्कल भौचर समेत पेश भएकोले उक्त सटर कला सुवेदी पौडेलको नाममा नामसारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं. १६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत सरसफाईको सवारी साधनहरुमा अत्यावश्यक बजेट शिर्षक नं.८१८ बाट खर्च हुने गरी थप २ वटा GPS खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा पोखरा महानगरपालिका वडा नं.१४ चाउथे स्थायी बसोवास गर्नुहुने व्यास नगरपालिका शिक्षा तथा सामाजिक विकास शाखाका प्रमुख उपसचिव श्री केदारराज आचार्य मिति २०८०/१२/१८ गतेदेखि यस कार्यालयमा उपस्थित हुनु भई कामकाज गर्नु भएकोले कार्यविधि अनुसार हाजिर भएको मितिदेखि आवासीय सुविधा प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मुल प्रशासनिक भवनको भुईतलामा रहेका सटर नं.१०७, ११२, ११४, ११५, १२० खाली सटरहरुको न्यूनतम साविक भाडा दरमा नघट्ने गरी ७ (सात) दिने सूचना प्रकाशित गरी भाडामा लगाउन राजश्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा श्री भद्र प्राथमिक विद्यालयमा कायम रहेको बालविकास तहमा अत्यन्त न्यून विद्यार्थी संख्याका आधारमा बालविकास तह सञ्चालन गर्न आवश्यक नरहेको कारण नगरकार्यपालिकाको निर्णयानुसार सो बालविकास केन्द्र मर्ज गरी त्यस विद्यालयको नगद सहितको चल-अचल सम्पत्ति विद्यालय व्यवस्थापन समितिको रोहवरमा नगर कार्यपालिकालाई जानकारी गराउने भनी निर्णय गरे अनुसार सो विद्यालयको नगद सहितको चल-अचल सम्पत्ति १४ नं. वडा कार्यालयको रोहवरमा व्यास १४ नयाँगाउँ ठिन स्थित श्री अमरज्योति आधारभुत विद्यालयमा हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको शिक्षक व्यवस्थापन गर्दा अत्यावश्यक निम्न विद्यालयमा रिक्त स्वयंसेवक शिक्षक दरबन्दी उपलव्ध गराई शिक्षक नियुक्तिको अनुमति दिन शिक्षा तथा सामाजिक विकास शाखालाई अनुरोध गर्ने निर्णय गरियो ।

| सि.नं. | पदपूर्तिका लागि अनुमति दिइएको विद्यालय | कैफियत |
|---|---|---|
| १. | श्री अमृत आधारभूत विद्यालय, | खटाइएको शिक्षकले स्थायी सेवामा सिफारिस भई रिक्त |

| | | |
|---|---|---|
| | व्यास- ६ | भएको पदमा पदपूतिका लागि अनुमति प्रदान गर्ने । |
| २. | श्री चण्डेश्वरी आधारभुत विद्यालय व्यास-१२ | सत्यवती माध्यमिक विद्यालयमा कामकाजका लागि खटाईएको शिक्षकले स्थायी सेवामा सिफारिस भई रिक्त भएको सो विद्यालयको कोटा श्री चण्डेश्वरी आधारभूत विद्यालय व्यास ११ मा कायम गरी पदपूर्तिका लागि अनुमति प्रदान गर्ने । |

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास ७ शेषमटारमा सञ्चालित समता विद्यालयमा रातको समयमा बस्ने गरी एक जना आवासीय महिला कार्यालय सहयोगी कर्मचारी आवश्यक भएकाले विज्ञापन अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ शेषमटारमा सञ्चालित व्यास नगर आवासीय समता विद्यालयमा २०७८ भाद्रदेखि स्वयंसेवकमा नियुक्त श्री पूर्णिमा दवाडीलाई निजको योग्यता र क्षमताका आधारमा विद्यालयमा रही वार्डेन पदमा कार्यरत कामकाज गर्ने गरी खाना आवास सहित मासिक रू.२५,०००। (पच्चीस हजार) पारिश्रमिक पाउने गरी शिक्षक पदमा दरबन्दी परिणत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाकालाई आवश्यक भएको शुक्ष्म सरसफाई वर्गीकरण व्यवस्थापन केन्द्र स्थापना गर्न व्यास न.पा. वडा नं.१३ स्थित युगिन कृषि फर्मको जग्गा खरिद गर्नुभन्दा अगावै उक्त जग्गाको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार पारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौंमा पेश गर्नुपर्ने भएको हुँदा रियल इम्पेक्ट डिजाइन सोलुसन इन्जिनियरिङ्ग कम्पनी व्यास १० बाट अध्ययन गरी पेश गरेको प्रतिवेदन स्वीकृत गरियो । साथै उक्त प्रतिवेदन तयार गरे वापत उक्त कम्पनीलाई कर सहित रू.२५,०००। (पच्चीस हजार) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित अन्तर्राष्ट्रिय संघ संस्थाको नगरपालिकाको आवद्धता (सदस्यता) शुल्क शिर्षक नं.६४ (५४) बाट भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

1) Global pralianents of mayors 2024- ४८३ पाउण्ड
2) The League of Historical cities- 2023, 2024- २०० अमेरिकी डलर
3) UCLG-ASPAC- 2023, 2024- ९६६अमेरिकी डलर

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.६ को बजेट शिर्षक नं.१८४ को रू.२,००,०००। (दुई लाख) को योजना परिवर्तन गरी उक्त रकमबाट कार्यालय सञ्चालनका लागि कम्प्युटर १ (एक) थान, फोटोकपी मेशिन १ (एक) थान, कार्यालय भान्सा प्रयोगका लागि आवश्यक सामाग्री खरिद गर्ने गरी वडा समितिको सिफारिस अनुसार नगर सभाबाट अनुमोदन हुने गरी योजना परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा बजेट शिर्षक नं.१५९ (सामाजिक संघ/संस्था समन्वय १४५) मा विनियोजन भएको रकम रू.२,००,०००। बाट रू.१,७९,०००। र सि.नं. १५८ (महिला, युवा, सिप विकास १४४) मा विनियोजन भएको बजेट रू.४,००,०००। मध्ये रू.४०,५००। गरी हुन आउने जम्मा रकम रू.२,१९,५००। बाट खर्च व्यवस्थापन हुने गरी वडा नं.२ बाट सिफारिस भई आएकाले सो शिर्षकको रकम अध्ययन अवलोकन भ्रमण कार्यक्रमको नाममा अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा मुल प्रशासनिक भवनको कोठा नं. ७ मा बस्ने श्री शुकराम वि.क.ले उक्त कोठा छाडी कोठा नं.१११ मा स्थानान्तरण हुन पाउँ भनी दिनु भएको निवेदन उपर छलफल गर्दा कोठा नं.१०७ को भाडा असुल गराई निजलाई कोठा नं.१११ मा साविक भाडा दरमा स्थानान्तरण अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा लागत सहभागितामा विनियोजित रकम मध्ये व्यास १ मिलनटोल अन्तर्गत नरसिंह मार्गमा नापीमा छुट हुन गएको नाला पिच व्यवस्थापन गर्न केही रकम थप

गर्नुपर्ने देखिंदा लागत सहभागिताको शिर्षक नं.८५४, ८५५ बाट खर्च हुने गरी रू.४,३८,०००। थप गर्ने निर्णय गरियो । साथै ल.ई. अनुसार बाँकी रहने रकम सम्बन्धित उपभोक्ताबाट लागत सहभागिता गर्ने गराउने समेत निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ करङ्गकाठ बसपार्क आ.व. २०८०/०८१ का लागि कर संकलन गर्न श्री आरिगा एण्ड आयमा कन्स्ट्रक्सन व्यास वडा नं. २ सँग रू.३,६०,१५४/०२ मा एकमुष्ठ बुझाई सम्झौता भएकोमा हाल उक्त बसपार्क सङ्घीय कार्यक्रम अन्तर्गत निर्माण भइरहेको र सम्बन्धित निर्माण व्यवसायीले बसपार्कको निर्माण सम्पन्न नभएसम्म बढीमा २ महिना गाडी आवत-जावत रोक्न माग भई आएकोले कर संकलन सम्बन्धी सम्झौताको बुँदा नं.१२ अनुसार जेठ, असार महिनाको हकमा ठेक्का सम्झौता रद्द गरी सो २ महिना बरावरको दामासाहीले हुने रकम फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा नेपाल नगरपालिका संघको मिति २०८०/५/३ को पत्रानुसार उक्त संघका लागि यस पालिकाले बुझाउनुपर्ने सदस्यता रकम रू.५०,०००। बजेट शिर्षक नं.६४ ( ५४) बाट रा.वा. बैंक मैतीदेवी शाखामा रहेको नेपाल नगरपालिका संघ (Nepal Nagarpalika Sang) को नाउँको खाता नं. १५५०१००००११६३००१ मा भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३१:** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा त्रिभुवन विश्वविद्यालय क्याम्पस भूगोल केन्द्रिय विभागको पत्रानुसार यस नगरपालिकामा कृषि भूमीको बाँझोपन सम्बन्धी परामर्श बैठकको आयोजना मिति २०८१/२/१५ गतेभित्र गर्ने निर्णय गरियो ।

**निर्णय नं.३२:** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरकार्यपालिकाको मिति २०८०/१२/९ को निर्णयबाट व्यास नगरपालिका वडा नं.११ को बाटो निर्माण भैँयरथान मार्ग बिस्तारमा थप रकम रू.१२,०००। विनियोजन भएकोमा उक्त योजनाको नाउँमा रहेको खाताको नाम र रकम विनियोजन भएको नाम नमिली भुक्तानीका लागि समस्या आएको देखिंदा सोही रकमको शिर्षक भुक्तानीका लागि थुम्केली गाउँ असुरे कुवा देखि बीचको गल्ली हुदै भैँयरथान मार्ग बिस्तार योजनाको शिर्षकमा मिलान गरी भुक्तानी दिनु हुन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३३:** प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा वैदिक पुरोहित समाज, तनहुँलाई कार्यालय सञ्चालनका लागि कोठा उपलब्ध गराईदिन माग भई आएकाले मानव सेवा आश्रम (क्रियापुत्री भवन) व्यास ३, व्यास गुफामा रहेको भवनमा एक कोठा उपलब्ध गराईदिनु हुन उक्त आश्रम भवन सञ्चालन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३५:** प्रस्ताव नं.३५ का सम्बन्धमा छलफल हुँदा आर्थिक बर्ष २०८०/०८१ मा बिउ-विजन खरिद गर्नका लागि रू.२,००,०००। विनियोजन गरिएकोमा रू.५०,०००। को जैघाँस खरिद गरिएको र बाँकी रहेको रू.१,५०,०००। बरावरको कृषकहरुबाट अत्यधिकरुपमा मौरी र मौरीको घार माग हुन आएको हुँदा ७५% अनुदानमा वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.३६:** प्रस्ताव नं.३६ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपद्जन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यक्रमहरु सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भए पश्चात् सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्ने समेत निर्देशन दिने निर्णय गरियो ।

| सि. नं. | **कार्यक्रम तथा योजनाको नाम** | **वडा नं.** | **विनियोजित रकम** | **खर्च शीर्षक** |
|---|---|---|---|---|
| १. | मखमली मार्ग, भादगाउँ टोल | १ | १,५०,०००।- | ८७७ |
| २. | विज्ञानचौर टोल हरिहर मार्ग जीर्ण पाइप हटाई नयाँ खरिद | १ | १५,०००।- | ८३१ |
| ३. | बौद्धसदन दमौली बुद्धजयन्ती कार्यक्रम | ३ | ३०,०००।- | १३० |
| ४. | ट्राफिक सप्ताह पर्चा, पम्प्लेट, फ्लेक्स प्रिण्ट समेत | ३ | ८७,०००।- | चालु विविध |
| ५. | जिल्ला रेडकस शाखालाई विज्ञापन सहयोग | ३ | २०,०००।- | ८३१ |

| | | | | |
|---|---|---|---|---|
| ६. | डुढेखोल्सी 'ख' खानेपानी टंकी मर्मत | ५ | १,००,०००।- | ८२३ |
| ७. | व्यास कृषि पशु फर्म सिँचाई पाइप | ५ | २०,०००।- | ८२३ |
| ८. | साँगे पतेनी सिँचाई नहर मर्मत | ५ | २,००,०००।- | ८५७ |
| ९. | शुक्र आधारभूत विद्यालय पंखा खरिद झ्याल ढोका मर्मत | ५ | ५०,०००।- | ८३१ |
| १०. | लामपानी सातघरे खानेपानी हिल टंकी खरिद | ६ | १६,०००।- | ८३१ |
| ११. | माथिल्लो शेरा तथा घिमिरेफाँट खानेपानी जिर्ण पाइप फेर्ने | ७ | १,००,०००।- | विपद |
| १२. | टौमाया गुरुङ्ग ९ बाख्रा खसी विपद परी मरेको | ७ | ४५,०००।- | ८३१ |
| १३. | कालीमाटीदेखि बालोपकार प्रा.वि. पाइप खरिद | ८ | ३०,०००।- | विपद |
| १४. | नारायणचौर पुरानगाउँ मोटर जली नयाँ खरिद | ९ | १,००,०००।- | ८३१ |
| १५. | कुमालटारी बैरेनी खा.पा. पाइप खरिद | १० | ४५,०००।- | विपद |
| १६. | मंगलीगैह्रा खानेपानी मोटर खरिद | १० | ३५,०००।- | ८३ |
| १७. | सुभेच्छा ढुङ्गाना वि.एस. नर्सिङ/अध्ययन सहयोग | १० | २५,०००।- | ८५७ |
| १८. | जनकल्याण आधारभुत विद्यालय मर्मत | ११ | ४५,०००।- | ८२३ |
| १९. | झ्याङ्गदी टोल सिँचाई पाइप खरिद | ११ | १२,०००।- | विपद |
| २०. | विजय कृषि तथा पशु फर्म सिँचाई पाइप खरिद, विष्णुमाया पोखेल | ११ | १०,०००।- | ८२३ |
| २१. | राष्ट्रिय सुरक्षा सद्भाव यात्रा सहयोग | ११ | २५,३००।- | चालु विविध |
| २२. | रुख कटान सहयोग | ११ | ८,०००।- | चालु विविध |
| २३. | खडगकाली बाटो मर्मत | ११ | ८०,०००।- | मर्मत सम्भार |
| २४. | मसुरीमाया सर्किनी घर आगलागी राहत | १२ | २५,०००।- | विपद |
| २५. | कुकुरढुंगे छापडाँडा सिँचाई पाइप खरिद | १३ | १५,०००।- | ८२३ |
| २६. | हात्तिसुढे जलबराही मन्दिर पुजारी आवास पहिरो संरक्षण | १४ | १,००,०००।- | विपद |
| २७. | फरकपत्र विज्ञापन सहयोग | | १०,०००।- | ३९ |
| २८. | नयाँ सपना विज्ञापन सहयोग | | १०,०००।- | ३९ |
| २९. | छाब्दी प्रहरी कार्यालय प्रतिक्षालय निर्माण मर्मत | | १,००,०००।- | ८७७ |
| ३०. | जिल्ला प्रहरी कार्यालय पृथ्वीराजमार्ग बिस्तार ट्रस भवन निर्माण | | २,००,०००।- | ८७७ |
| ३१. | क्षेत्रीय होटल व्यवसायी संघ नयाँ वर्ष साँस्कृति कार्यक्रम सहयोग | | ५०,०००।- | १३४ |
| ३२. | राष्ट्रपति स्वागत कार्यकम टेण्ट, मञ्च व्यवस्थापन | | १,३५,०००।- | चालु विविध |
| ३३. | सप्ताहव्यापी विश्व सम्पदा दिवस व्यवस्थापन | | ३,२०,०००।- | १३४ |
| | **जम्मा** | | **२२,१३,३००।-** | |